NABIL BANK®
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

**Nabil Bank**
P.O.Box 3729 Teendhara, Durbarmarg
Kathmandu, Nepal
Email : info@nabilbank.com
Tel : (977-1) 4227181, 4221718
Fax : (977-1) 4226905
SWIFT : NARBNPKA
Website : www.nabilbank.com

मितिः २०७८/१०/२५

प.लि.नं.: १-२०४०/०४१

**नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**
**सिंहदरबार प्लाजा, काठमाडौं ।**

**विषय : साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्युट) सम्बन्धमा ।**

महोदय,

यस नबिल बैंक लिमिटेडको मिति २०७८/०९/३० गते, शुक्रवार, नबिल बैंक केन्द्रीय, कार्यलय परिसर तिनधारा, दरबारमार्ग, काठमाडौंमा सम्पन्न ३७औं वार्षिक साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्युट) यसै पत्रसाथ पेश गरिएको व्यहोरा अनुरोध छ ।

भवदीय,

NABIL BANK Head Office Teendhara, Kathmandu

विनय कुमार रेग्मी
कम्पनी सचिव

संलग्नः

१. साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्यूट) ।

# नबिल बैंक लिमिटेडको
# ३७औं (सैंतीसौं) वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा :**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको ३७औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलज्यूको अध्यक्षतामा तल उल्लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरू उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०७८ पौष ३० गते, शुक्रवार (१४ जनवरी २०२२)
स्थान : नबिल बैंक लिमिटेड, दरबारमार्ग, काठमाडौं
समय : बिहान ९:३० बजे प्रारम्भ भई अपरान्ह १२:३० बजे सम्पन्न भएको

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बैंकको ३७औं वार्षिक साधारण सभाको सूचना तथा आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरू समेत शेयरधनीहरूको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०७८/०९/०९ र २०७८/०९/२२ को क्रमश: "कारोवार" दैनिक तथा "आर्थिक अभियान" दैनिकमा सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयको सूचना शेयरधनी महानुभावहरूमा जानकारीको लागि प्रकाशित गरिएको थियो । साथै, मिति २०७८ पौष १५ गतेको हिट्स एफ.एम. मार्फत समेत शेयरधनीहरूलाई साधारण सभाका सम्बन्धमा सूचीत गरिएको थियो ।

NABIL BANK Head Office Teendhara, Kathmandu

४. छलफलको विषय :

(क) <u>सामान्य प्रस्ताव</u> :

१. सञ्चालक समितिको प्रतिवेदन २०७७/७८ पारित गर्ने,
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू स्वीकृत गर्ने,
३. यस बैंकको सहायक कम्पनी "नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि." को आ.व. २०७७/७८ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने,
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रू.४.४० (अर्थात ४.४०% का दरले) नगद लाभांश स्वीकृत गर्ने,
५. आ.व. २०७८/७९ (२०२१/२२) को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने, र
६. संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद २ (दुई) को निर्वाचन गर्ने ।

(ख) <u>विशेष प्रस्ताव</u> :

१. बैंकको अधिकृत पूँजी वृद्धि गरी रू.१९,००,००,००,०००/- (रू. उन्नाइस अर्ब) पुऱ्याउने,
२. वि.सं. २०७८ आषाढ मसान्तमा समाप्त आर्थिक वर्षको मुनाफाबाट प्रत्येक १०० शेयर बराबर ३३.६० शेयर वा प्रत्येक शेयरको ३३.६०% को अनुपातमा बोनस शेयर जारी गरी बैंकको जारी तथा चुक्ता पूँजी रू.१८,४९,६१,८६,७४५/- पुऱ्याउने,
३. बैंकको प्रबन्धपत्रको दफा ५(१), ५(२) र ५(३) को संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने,

४. आ.व. २०७७/७८ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३७ मा उल्लिखित खर्च रू.३,४४,२०,५७७/- कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने, र

५. नबिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरू) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति (एक्विजिसन) गर्न) तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गर्न, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध** :

५. उपस्थिति :

५.१ **सञ्चालकहरू :**

| | | |
|---|---|---|
| १. श्री उपेन्द्र प्रसाद पौडेल | : | अध्यक्ष |
| २. श्री निर्वाण कुमार चौधरी | : | उपाध्यक्ष |
| ३. श्री मलय मुखर्जी | : | सञ्चालक (Zoom मार्फत) |
| ४. श्रीमती आशा राणा अधिकारी | : | स्वतन्त्र सञ्चालक |
| ५. श्री अनन्त पौड्याल | : | सञ्चालक |
| ६. श्री प्रविन टिवडेवाला | : | सञ्चालक |
| ७. श्री उदय कृष्ण उपाध्याय | : | सञ्चालक |

NABIL BANK Head Office Teendhara, Kathmandu

५.२ व्यवस्थापन पदाधिकारी :

१. श्री अनिल केशरी शाह : प्रमुख कार्यकारी अधिकृत

२. श्री सुजित कुमार शाक्य : नायब प्रमुख कार्यकारी अधिकृत

३. श्री विनय कुमार रेग्मी : नायब प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव

४. श्री मनोज कुमार ज्ञवाली : महाप्रबन्धक तथा प्रमुख वित्त अधिकृत

५. श्री आदर्श बजगाई : नायब महाप्रबन्धक (प्रमुख अन्तराष्ट्रिय बैंकिङ्ग तथा रणनीतिक विस्तार

६. श्री कृष्ण दत्त भट्टराई : प्रमुख–आन्तरिक लेखापरीक्षण

७. श्री ज्ञानेन्द्र प्रताप शाह : प्रमुख व्यापार अधिकृत–कर्पोरेट कर्जा, पूर्वाधार तथा परियोजना कर्जा विभाग

८. श्री गणेश प्रसाद अवस्थी : प्रमुख सञ्चालन अधिकृत

९. श्रीमती नमिता दिक्षित : प्रमुख जोखिम अधिकृत

५.३ अन्य :

१. श्री हरी प्रसाद अधिकारी : पर्यवेक्षक – कम्पनी रजिष्ट्रारको कार्यालय

२. श्री सुनीर कुमार ढुङ्गेल : बाह्य लेखापरीक्षक – साझेदार, एस.ए.आर. एसोसिएट्स, चार्टड एकाउन्टेण्ट्स

३. श्री प्रकाश जङ्ग थापा : बाह्य लेखापरीक्षक – साझेदार, पि.जे.पि.एन. एण्ड कम्पनी चार्टड एकाउन्टेण्ट्स

४. अधिवक्ता लक्ष्मण थपलिया : निर्वाचन अधिकृत

५.४ शेयरधनीहरूको उपस्थिति :

भौतिक रूपमा तथा भर्चुअल/विद्युतीय प्रविधि (Zoom) मार्फत जम्मा उपस्थित संख्या : २९७

## ६. गणपूरक संख्या :

| विवरण | कुल शेयरधनी संख्या | उपस्थिति | | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| | | भौतिक | विद्युतीय प्रविधि मार्फत | | |
| शेयरधनी संख्या (संस्थापक/सर्वसाधारण समूह) | १०,८८५ | २५५ | ४२ | २९७ | |
| शेयरधनीहरूले ग्रहण गरेको शेयर कित्ता | १३,८४,४४,५११.५६ | ८,१६,२१,५७५ | | | ५८.९६% |

## ७. सभाको वैधानिकता र सभाको अध्यक्षता :

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको ३७ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या २५५ तथा Zoom Link मार्फत अनलाईनमा सहभागी जनाउने शेयरधनीको संख्या ४२ गरी कुल सहभागी संख्या २९७ रहेको र कुल शेयरको ५८.९६% प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको प्रमाणित गरी

प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको सभालाई जानकारी गराउनु भयो ।

७.२ कम्पनी सचिवले शेयरधनी महानुभावहरू सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नुभयो र तत्पश्चात् उपस्थित सञ्चालकहरू तथा प्रमुख कार्यकारी अधिकृतको परिचय गराउँदै आसन ग्रहण गर्न उहाँहरूलाई अनुरोध गरी सभाको कार्य अगाडि बढाउनु भयो ।

७.३ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्ने व्यहोरा जानकारी गराउदै बैंकको ३७औं वार्षिक साधारण सभा शुरू गर्न अध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलज्यूलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

## ८. ३७औं वार्षिक प्रतिवेदनको प्रस्तुति :

८.१ सभाका अध्यक्षले औपचारिक रूपमा सभा शुरू भएको घोषणा गर्नुभयो र पूर्वनिर्धारित छलफलको विषयसूची अनुसार आ.व. २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन साधारण सभामा पढेर सुनाउनु भयो । सर्वप्रथम अध्यक्षज्यूले शेयरधनी लगायत सभामा उपस्थित सम्पुर्ण महानुभावहरूलाई स्वागत गर्नुभयो । वि.स.२०७० देखि वि.स.२०७८ सम्म आईपुग्दा वासलातको आकारमा ४ गुणाले बृद्धि भएको र शेयरधनीको जेथामा ५ गुणाले बृद्धि भएकोमा बैंक गौरवान्वित भएको जानकारी गराउनुभयो । कोभिड-१९ तथा नियमन प्रावधानमा भएको परिवर्तनका कारण मुनाफा प्रभावित भएको सभालाई बताउनुभयो । पूंजी पर्याप्तताका सम्बन्धमा बैंकले नियामक निकाय नेपाल राष्ट्र बैंकले तोकेको पूंजी कायम गर्न सफल भएको जानकारी गराउनुभयो । शोधानान्तर स्थिति, चालु खाता, ग्राहस्थ्य उत्पादन लगायत बृहत आर्थिक सूचकहरू खस्कँदै गएको एवं आयतमा बृद्धि तथा निर्यात कम हुँदै जानाले समग्र देश एवं बैंकिङ्ग क्षेत्रकै लागि चुनौतिपूर्ण अवस्था रहेको जानकारी गराउनुभयो । समिक्षा वर्षमा रू.४

अर्ब ५३ करोड खुद मुनाफा आर्जन गर्न बैंक सफल भएको जानकारी गराउँदै कुल कर्जा तथा सापटी कुल निक्षेपमा क्रमश: ३१ प्रतिशत र १८ प्रतिशत बृद्धि भएको र कुल कर्जा बृद्धिमा खुद्रा, साना तथा मझौला उद्योग तथा व्यवसायको हिस्सा अधिकतम रहेको जानकारी गराउनुभयो । शेयरधनीहरूलाई बाणिज्य बैंकहरूमध्ये सबैभन्दा बढी ४.४ प्रतिशत नगद लाभाशं र ३३.६० प्रतिशत बोनस शेयर गरी कुल ३८ प्रतिशत लाभांश दिन बैंक सफल भएकोमा गौरवान्वित भएको जानकारी गराउदैं शेयरधनीहरूको सदिक्षा, मार्गदर्शन एवं बैंकका कर्मचारीहरूको कार्यदक्षता र मेहनतको फलस्वरूप लाभांश दिन सफल भएको धारणा व्यक्त । बैंकले प्रदान गर्ने सेवालाई व्यावसायिक विविधता र गहनता दुवै दृष्टिले सम्भाव्य क्षेत्रमा प्रतिस्पर्धात्मक फाईदा र तुलनात्मक लाभका दृष्टिले कार्यमुलक सञ्जालको विस्तार गर्दै लैजाने जानकारी गराउनुभयो । साझा उद्देश्य प्राप्तिका लागि कर्मचारीहरू दृढ रूपमा लागिपरेको समेत वताउनुभयो । क्रेडिट स्कोरिङ विधिको प्रयोग गरी कर्जा स्वीकृत गर्ने तथा ब्याजदर तोक्ने नबिल बैंक अग्रणी बैंक बन्न पुगेको जानकारी गराउनुभयो । विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को माहामारी शूरू भएदेखि नै बैंकले नेपाल सरकार, सरकारी निकाय तथा मानवीय क्षेत्रमा कार्यरत विभिन्न संस्थाहरूसँग साझेदारी गरी विपद् न्यूनिकरणका लागि काम गर्दै आइरहेको र यसै क्रममा बैंकले नेपाल सरकारलाई रू. ६ करोड नगद सहयोग गर्नुका साथै आफ्नै खर्चमा नेशनल एकेडेमी अफ साइन्स वीर अस्पतालको लागि ५० क्युबिक लिटर/प्रतिघण्टा क्षमताको अत्याधुनिक अक्सिजन प्लान्ट स्थापना गरी हस्तान्तरण गरेसँगै कोभिड-१९ लगायत अन्य विरामीहरूको जीवन रक्षा हुने अक्सिजनको आपुर्तिका लागि सहज हुने एवं देशका कुना कुनाबाट राजधानी आउने विपन्न वर्गका नागरिक समेत लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो । यसै क्रममा उहांले नबिल बैंक दिगो बैंकिङ विकासको लक्ष्यतर्फ उन्मुख रहेको, दिगो बैंकिङ विकासकै सन्दर्भमा बैंकले स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म बैंकिङका सेवा सुविधा पुऱ्याउन समुदायसँग सहकार्य गर्दै गाउंपालिकामा खोलिएका शाखाहरू मार्फत उद्यमशीलताको तालिम दिनुका साथै उद्यमीहरूलाई कर्जा समेत प्रदान गर्दै आइरहेको

जानकारी गराउनुभयो । जलवायु परिवर्तनका कारण सम्पूर्ण विश्वलेनै भोगिरहेको प्राकृतिक विपदहरूको जोखिमलाई मध्यनजर गरी जलावायु परिवर्तनको असर न्यूनीकरणलाई सहयोग गर्न वित्तीय संस्थाहरूको विश्वव्यापी साझेदारीमा स्थापित संस्था Partnership for Carbon Accounting Financials (PCAF) को सदस्यता लिएको सभालाई जानकारी गराउनुभयो । बैंकले न्यून कार्बन अर्थतन्त्र, दिगो तथा समतामुलक भविष्यको लागि हरित तथा जलवायु परिवर्तन एवं डिजिटल बैंकिङ्को लागि रणनीतिक रूपमा थप लगानी गर्न प्रतिवद्ध रहेको जानकारी गराउनुभयो । बैंकले सामाजिक उद्यमशीलता विकासका लागि नबिल सामाजिक उद्यमशीलता कार्यक्रम शुरू गरी उद्यमशीलतामा प्रमाण पत्र कार्यक्रम र फेलोशिप कार्यक्रम तय गरेको छ । ग्राहकहरूको अपेक्षा पुरा गर्न, बैंकको अग्रणी श्रेणी कायम राख्न तथा सूचना प्रणालिको माध्यमबाट ग्राहकहरूलाई उत्कृष्ट सेवा प्रदान गर्न Nabil DigiBank को रूपमा छुट्टै भर्टिकल स्थापना गरी बैंकको पूर्ण डिजिटलाईजेशनमा ध्यान केन्द्रित गर्ने निर्णय गरेको वताउनुभयो । बैंकले सूचना प्रणालीको सुरक्षमा विशेष ध्यान दिनुका साथै प्रयोग गरिने प्रणालिको नियमित अडिट समेत गर्ने गरेको जानकारी गराउनुभयो । बैंकले सञ्चालन प्रक्रियाहरूलाई पुन:इन्जिनियरिङ गर्दै विश्व प्रसिद्ध विपिएम प्रणाली संचालनमा ल्याउनुको साथै मानव संशाधनका लागि विश्व प्रसिद्ध Employewise HRMS system संचालनमा ल्याएको जानकारी गराउनुभयो । मर्जर तथा प्राप्ति सम्बन्धमा बैंकको रणनीति सभासमक्ष जानकारी गराउँदै बैंकले हिजोमात्र नेपाल बङ्गलादेश बैंकलाई प्राप्ति गर्ने सम्बन्धमा साझेदारीपत्रमा हस्ताक्षर गरेको र यसबाट बैंक अझ सबल र सुदृढ हुने जानकारी गराउनुभयो ।

## ९. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरू :

९.१ तत्श्चात् बैंकको आ.व. २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन, २०७८ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका

NABIL BANK Head Office Kantipath/Durbarmarg... Kathmandu

सम्पूर्ण विषयमाथि आ-आफ्नो मन्तव्य प्रकट गर्नु हुन र सो सम्वन्धमा कुनै प्रश्न तथा सुझाव भए मौखिक/लिखित जानकारी गराउनु हुन अध्यक्षज्यूले शेयरधनी महानुभावहरू समक्ष अनुरोध गर्नुभयो ।

सभामा देहायका शेयरधनी महानुभावहरूले छलफलको क्रममा देहाय अनुसारको प्रश्न तथा सुझावहरू व्यक्त गर्नुभएको थियो :

९.२ छलफलमा सहभागी हुने/लिखित सुझाव दिनुहुने शेयरधनी महानुभावहरूको नाम:

१. श्री नरसिंह लाल चंखू
२. श्री अशोक उप्रेती
३. श्री शत्रुघ्न श्रेष्ठ
४. मेजर कुबेर बहादुर श्रेष्ठ
५. श्री गुणराज भट्ट
६. श्री चन्द्र नारायण श्रेष्ठ (Zoom मार्फत)
७. श्री उत्तम दत्त पाण्डे
८. श्री सुनिता भट्टराई (लिखित मन्तव्य)

**१०. छलफलमा सहभागी शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांश :**

नेपाल सरकारले तोकेको मापदण्ड पालना गरी भव्य रूपमा आफ्नै प्राङ्गणमा शेयरधनीको उपस्थितीमा साधारणसभा सम्पन्न गरेकोमा धन्यवाद ज्ञापन । अध्यक्षज्यूले वार्षिक प्रतिवेदन सारांशमा प्रस्तुत गरी शेयरधनीहरूलाई बढी समय दिन आग्रह । समग्र वाणिज्य बैंकहरूमा शेयरधनीहरूलाई सबैभन्दा बढी ४.४ प्रतिशत नगद लाभांश र ३३.६० प्रतिशत बोनस शेयर गरी कुल ३८ प्रतिशत लाभांश दिन सफल भएकोमा संस्थापक, संचालक, कर्मचारी वर्ग लगायत सम्पूर्ण सबैलाई धन्यवाद ज्ञापन । विदेशी विनिमय आम्दानीमा थप सुधार गर्नुपर्ने सुझाव व्यक्त । मर्जर तथ प्राप्तिको नीति समय सापेक्ष रहेको धारणा व्यक्त । बैंकले

लगानी गर्दा कृषि क्षेत्रलाई प्राथमिकतामा राख्न अनुरोध । बैंकले विभिन्न पुरस्कार/अवार्ड प्राप्त गरेकोमा धन्यवाद ज्ञापन । सम्पूर्ण विवरण सहितको वार्षिक प्रतिवेदन नेपालीमा नै तयार गरी शेयरधनीहरूलाई उपलब्ध गराएकोमा धन्यवाद ज्ञापन । मर्जर पश्चात समेत लाभांश नीतिको निरन्तरता दिनुपर्ने धारणा व्यक्त । बैंकले नेपाल बङ्गलादेश बैंकलाई प्राप्ति गर्ने सम्वन्धमा गरेको समझदारी पत्रका सम्बन्धमा जिज्ञासा व्यक्त । नेपाल बङ्गलादेश बैंकलाई प्राप्ति पश्चात समेत प्रतिफलमा निरन्तरता हुने नहुने सम्वन्धमा जिज्ञासा व्यक्त । बैंकका शेयरधनीहरूको नेपाल बङ्गलादेश बैंकमा समेत शेयर रहेको र प्राप्ति प्रक्रियाका कारण शेयरहरू रोक्का रहने हुँदा सकेसम्म चाँडै प्राप्ति प्रक्रिया पुरा गरी एकिकृत कारोवार सम्पन्न गर्न अनुरोध । सञ्चित नाफामा भएको परिवर्तन सम्वन्धमा जिज्ञासा व्यक्त । कर्मचारीको वृति विकासमा ध्यान दिन अनुरोध । नबिल डिजी बैंक, नबिल दिगो बैंकिङ्ग, पिकाफ (PCAF) सँगको सहकार्य, जलवायु परिवर्तनमा लगानी लगायत नबिल सामाजिक उद्यमशिलता कार्यक्रम नबिल बैंकको सबैभन्दा सराहनीय काम भएको धारणा व्यक्त गर्दै उक्त कामको प्रशंसा । बैंकका पूर्व अध्यक्ष शम्भु प्रसाद पौडेलको सम्झनामा उहाँको सम्मान स्वरूप संचालनमा ल्याउने भनिएको छात्रवृत्ति कार्यक्रमका सम्वन्धमा जिज्ञासा व्यक्त । साधारण सभा पौषको अन्त्यतिर गर्दा शेयरधनीहरूको सहभागितामा असर पर्नुका साथै अन्य कम्पनीहरूको साधारणसभासँग समेत जुध्न गएकोले आगामी वर्ष दशैं अगावै साधारणसभा सम्पन्न गर्न आग्रह । जलवायु परिवर्तनमा गरेको खर्चमा वृद्धि गर्न अनुरोध । बैंकको गैर बैकिङ्ग सम्पत्तिका सम्वन्धमा जिज्ञासा व्यक्त । नबिल बैंकबाट जारी सामूहिक लगानी कोषहरू(म्यूचल फण्ड) को कार्यसम्पादन एवं प्रतिफलतर्फ ध्यानकर्षण गराउँदै बैंकको सहायक कम्पनी नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि.को व्यवस्थापनमा ध्यान दिन सुझाव । बढ्दो पार्स वर्ड ह्याकिङ्ग, साइबर अपराध तर्फ ध्यानाकर्षण गराउँदै सूचना प्रविधीको सुरक्षाका सम्बन्धमा जिज्ञासा व्यक्त ।

NABIL BANK Head Office Teendhara, Kathmandu

११. **सभामा शेयरधनी महानुभावहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको अध्यक्षले दिनु भएको जवाफ :**

शेयरधनी महानुभावहरूले यस्तो अप्ठ्यारो परिस्थितिमा समेत बैंकप्रतिको सद्भावका कारण समय/व्यवस्था मिलाएर भौतिक रूपमै साधारणसभा स्थलमा उपस्थित भएर तथा विद्युतीय माध्यमबाट सभामा भाग लिनुका साथै सुझाव एवं मार्गदर्शन दिनु भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । विदेशी विनिमय आम्दानीमा थप सुधार गर्न शेयरधनीहरूबाट सभामा व्यक्त सुझावलाई सम्बोधन गर्दै दक्ष कर्मचारीमार्फत विदेशी विनिमय व्यवस्थापन गर्दै आईरहेको र यस सम्बन्धमा बैंक सचेत हुनुका साथै चनाखो भएर काम गरीरहेको जानकारी गराउनुभयो । कृषि क्षेत्रमा लगानीका सम्बन्धमा कृषिको विकासले नै मुलुकको विकास सम्भव रहेको धारणा व्यक्त गर्दै बैंकले दिगो बैंकिङ्ग अन्तर्गत कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको सभालाई जानकारी । यस सम्बन्धमा शेयरधनीको मार्गदर्शनले यस प्रति बैंकले गरेको काम र विश्वासलाई थप टेवा पुगेको जानकारी गराउनुभयो । सञ्चित कोष परिवर्तनका सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै वित्तीय विवरण पेश गर्ने प्रावधानमा परिवर्तन भएको कारण शेयरधनीहरूबाट जिज्ञासा भएको एवं सञ्चित कोष साविकको रू.३ अर्ब ५७ करोड बाट बृद्धि भएर रू.४ अर्ब ७७ करोड पुगेको जानकारी गराउनुभयो । जलवायु परिवर्तन, दिगो बैंकिङ्ग, कृषि क्षेत्रमा बैंकले लगानी गरिरहेको जानकारी गराउनुभयो । मुनाफा दिनानु दिन चुनौतिपूर्ण हुँदै गइरहेको एवं तरलताको चापले समेत कारोबार बृद्धिमा परेको असरका कारण मुनाफामा समेत प्रभावित हुनगएको भएतापनि मर्जर र प्राप्ति पश्चात समेत प्रतिफल दर कायम गर्न प्रयास गरीने जानकारी गराउनुभयो । बजारमा तरलताको चाप रहेपनि बैंकले खुद तरल सम्पत्ति राष्ट्र बैंकले तोकेको सिमाभित्र राख्न सफल भएको धारणा व्यक्त । बैंकले मुनाफा बृद्धिमा मात्र ध्यान केन्द्रित नगरेको एवं आफ्नो आधारभूत विशेषता, प्राथमिकता, मूल्य मान्यता लगायतको सम्झौता नहुने गरी व्यवसाय सञ्चालन गरिरहेको जानकारी । साधारणसभा सम्पन्न गर्न ढिलाई भएकोमा सभामा व्यक्त गुनासोलाई सम्बोधन गर्दै विविध कारणले पुष मसान्तमा साधारणसभा गरिएको र आगामी वर्ष मर्जर/प्राप्तिका कारणले अन्यथा नभए सकेसम्म चाँडो साधारण सभा गर्न प्रयास गरिने जानकारी

गराउनुभयो । नबिल म्यूचल फण्डको प्रतिफल कम भएको सम्बन्धमा सभामा व्यक्त गुनासोलाई सम्बोधन गर्दै बजारको गतिशिलतामा सामूहिक लगानी कोष (म्यूचल फण्ड) र आम्दानीमा असर गर्ने जानकारी गराउँदै बैंकले सहायक कम्पनी नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको व्यवस्थापनमा समेत परिवर्तन गरिसकेको र सामूहिक लगानी कोषहरूको आम्दानीमा सुधार हुँदै गइरहेको धारणा व्यक्त । प्राप्ति प्रक्रियाले नबिल बैंकको शेयर कारोबार बन्द नहुने भएतापनि प्राप्ति प्रक्रिया सकेसम्म छिटो सम्पन्न गरी आगामि जेष्ठ मसान्त लगतै एकिकृत कारोवार सम्पन्न गर्ने बैंकको योजना रहेको जानकारी गराउनुभयो । परम्परागत बैंकिङ्ग मात्र नभएर समाज, समुदाय, जलवायु परिवर्तन लगायतलाई सम्बोधन गर्दै बैंक संचालन गर्नुपर्छ भन्ने अवधारणा विकसित मुलुकहरूमा आइसकेको र नेट जिरो (Net Zero) (पेरिस सम्मेलनले तोकेको सन् २०५० सम्ममा विश्वव्यापी उर्जा सम्बन्धी कार्बन डाइअक्साइड उत्सर्जनलाई शून्यमा पुऱ्याउने र १.५ डिग्री सेल्सियसमा विश्वव्यापी तापमान बृद्धिलाई सीमित गर्ने) अर्थात औद्योगिकिरण हुनुभन्दा अगाडिको तापक्रमको १.५ प्रतिशत सम्म २०४५ सम्म कायम राख्ने भन्ने हाम्रा सम्माननिय प्रधानमन्त्रीज्यूले गरेको उद्घोषणलाई समेत सहयोग गर्नु हामी सबैको कर्तव्य रहेको तर्फ ध्यानकर्षण गराउँदै बैंकले आफ्नो तरिकाले काम गरिरहेको भएतापनि यसतर्फ राज्यले समेत अवधारणा ल्याउनुपर्ने धारणा व्यक्त गर्दै शेयरधनीबाट यस सम्बन्धमा भएका जिज्ञासा तथा सुझावका लागि धन्यवाद ज्ञापन । पासवर्ड ह्याकिङ्गका सम्बन्धमा बैंकको सूचना प्रविधि प्रणाली सुदृढ रहेको र यसलाई समयानुकूल सुधार तथा परिमार्जत गर्दै लगिएको जानकारी गराउनुभयो । यसै क्रममा अध्यक्षज्यूले बैंकका भुतपूर्व अध्यक्ष स्व. श्री शम्भु प्रसाद पौड्यालले आफ्नो कार्यकालमा अनवरत रूपमा क्रियाशील रही यस बैंकको उत्थानमा ठुलो योगदान गर्नुभएको तथ्य स्मरण गर्दै शेयरधनीहरूले भने बमोजिम उहाँको सम्मानस्वरूप उहाँकै नाममा बैंकका कर्मचारीहरूका छोरा/छोरीका लागि छात्रवृति/पुरस्कार शुरू गरिसकेको समेत जानकारी गराउनुभयो । तत्पश्चात् अध्यक्षज्यूले प्रमुख कार्यकारी अधिकृत श्री अनिल केशरी शाहलाई आफ्ना केही भनाई तथा प्रतिवद्धता भए सभालाई जानकारी गराउन अनुरोध गर्नुभयो ।

NABIL BANK Head Office Teendhara, Kathmandu

प्रमुख कार्यकारी अधिकृत श्री अनिल केशरी शाहले बैंक आफ्ना सम्पूर्ण सरोकारवालाहरूको पहिलो रोजाईको बैंक बन्ने प्रयत्न गरिरहेको जानकारी गराउँदै हाम्रा मान्यताहरूलाई कायम राख्दै कार्य सम्पादन गर्न प्रतिवद्ध रहेको बताउनुभयो । शेयरधनीहरूले दिनुभएको हौसला सुझावको ग्रहण गर्दै आगामी दिनमा समेत अझ राम्रो गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । गत वर्ष यूनाइटेड फाइनान्सलाई प्राप्ति गरेको र हिजो मात्र नेपाल बङ्गलादेश बैंकलाई प्राप्ति गर्ने समझदारी पत्रमा हस्ताक्षर गरेको जानकारी गराउँदै असारमसान्त भन्दा अगाडिनै प्राप्ति प्रक्रिया सम्पन्न गर्ने र बैंकको कार्य सम्पादनमा कुनै कमी आउन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो । शेयरधनीहरूले प्राप्त गर्ने प्रतिफलमा कमी आउन नदिने प्रयास गरिने जानकारी गराउनुभयो । हाम्रो दृष्टिकोणलाई आत्मसाथ गर्दै लक्ष्य प्राप्तिका लागि काम गर्न पुरै कर्मचारी समूह तयार रहेको जानकारी गराउँदै नेपाल बङ्गलादेश बैंकको प्राप्ति पश्चात समेत एउटै समूह भएर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । मार्गदर्शन तथा सुझाव एवं व्यवस्थापनप्रतिको विश्वासका लागि शेयरधनी, अध्यक्षज्यू, उपाध्यक्षज्यू लगायत सम्पूर्ण संचालक समिति प्रति धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्नुभयो ।

यसै क्रममा अध्यक्षज्यूले अन्य संचालकहरूलाई आफ्ना भनाई भए सभासमक्ष राखिदिन अनुरोध गर्नुभएकोमा संचालक श्री अनन्त पौड्यालज्यूले सभालाई देहाय बमोजिम सम्बोधन गर्नुभयो । बैंक संचालक समितिमा सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधि भएको नाताले सभामा व्यक्त जिज्ञासाका सम्बन्धमा थप जानकारी गराउन चाहेको जानकारी गराउँदै कोभिड १९ को संक्रमणको समयमा समेत साधारणसभामा उपस्थित भई आफ्नो धारणा, सुझाव व्यक्त गरिदिनुभएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । शेयरधनीको सुझाव, गुनासो तथा प्रश्नहरूलाई टिपोट गरिएको र उचित सुझावहरूलाई संचालक समितिमार्फत कार्यान्वयनमा ल्याईने जानकारी गराउनुभयो ।

साइवर अपराधका सम्बन्धमा बैंक सचेत रहेको धारणा व्यक्त गर्दै शेयरधनी एवं ग्राहक महानुभावहरूले समेत यसतर्फ सचेत रही आफ्नो मोवाइल, उपकरणहरू लगायत प्रयोगकर्ता नाम (User Name) तथा पासवर्डको सुरक्षामा ध्यान दिन आग्रह गर्नुभयो । मुनाफा आर्जनमा हालसम्म प्रथम रहेको र अव उपान्त समेत

प्रथम हुने प्रयासमा बैंक लागिरहेको सभासमक्ष जानकारी गराउनुभयो । संस्थागत सामाजिक उत्तरदायित्व तथा दिगो विकास तर्फ बैंकले विशेष ध्यान दिइरहेको जानकारी गराउँदै यसमा संचालक समितिका अध्यक्षज्यूले विशेष ध्यान केन्द्रीत गरी सबैलाई मार्गदर्शन गर्दै आउनुभएको जानकारी गराउनुभयो । शेयरधनी महानुभावहरूले शेयरबजारमा बैंकहरूमा नबिल बैंकको सबैभन्दा बढी शेयरमूल्य कायम राख्न पुऱ्याउनुभएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुभयो । सञ्चालक समितिले बैंक सञ्चालनमा विशेष ध्यान दिँदै आईरहेको र अन्य संचालकहरूको निर्देशन एवं मार्गदर्शन बमोजिम बैंक चलिरहेको हुँदा बैंकले थप सुधार गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

१२. सभाको निर्णय :

(क) सामान्य प्रस्ताव तर्फ :

**१. सञ्चालक समितिको प्रतिवेदन २०७७/७८ पारित गर्ने**

सभामा प्रस्तुत आ.व. २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षबाट स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव राखिएकोमा सभाले सर्वसम्मतिबाट प्रतिवेदन पारित गऱ्यो ।

**२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू स्वीकृत गर्ने**

लेखा परीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू पारित गरियोस् भनी अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश

NABIL BANK Head Office Teendhara, Kathmandu

गरिएकोमा सभाले वित्तीय अवस्थाको विवरण लगायतका सम्पूर्ण वित्तीय विवरणहरू सर्वसम्मतिबाट पारित गर्‍यो ।

**३. यस बैंकको सहायक कम्पनी "नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि." को आ.व. २०७७/७८ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने**

बैंकको सहायक कम्पनी "नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि." को आ.व. २०७७/७८ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण स्वीकृत गरियोस् भनी अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सो एकीकृत वित्तीय विवरण सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

**४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रू.४.४० (अर्थात ४.४०% का दरले नगद लाभांश स्वीकृत गर्ने**

संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रू.४.४० अर्थात चुक्ता पूँजीमा ४.४०% प्रतिशतका दरले कुल जम्मा रू.६०,९१,५५,८५१/- नगद लाभांश वितरण गर्ने स्वीकृतिको निमित्त अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले सर्वसम्मतिबाट प्रस्ताव स्वीकृत गर्‍यो ।

**५. आ.व. २०७८/७९ (२०२१/२२) को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/७९ को लागि लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समितिको सिफारिस बमोजिम श्री एस.ए.आर. एसोसिएट्स, चार्टड एकाउन्टेण्ट्स र श्री पि.जे.पि.एन. एण्ड कम्पनी, चार्टड एकाउन्टेण्ट्सलाई

संयुक्त रूपमा लेखा परीक्षकको रूपमा नियुक्त गरी पारिश्रमिकस्वरूप रु.२२,२२,०००/-(अक्षरेपि रुपैयाँ बाइस लाख बाइस हजार मात्र) निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गऱ्यो ।

**६. संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद २ (दुई) को निर्वाचन गर्ने**

सभाका अध्यक्षले बैंकको नियमावली अनुसार संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद २ (दुई) को निर्वाचन सम्बन्धमा आवश्यक जानकारी गराइदिन निर्वाचन अधिकृत अधिवक्ता लक्ष्मण थपलियाज्यूलाई अनुरोध गर्नुभयो । निर्वाचन अधिकृतज्यूले निर्वाचन सम्बन्धमा निर्वाचन तालिका बमोजिमको विस्तृत जानकारी दिँदै श्री उदय कृष्ण उपाध्याय र बैंकका संस्थापक शेयरधनी एनबी ( इन्टरनेशनल) लि. का प्रतिनिधि श्री उपेन्द्र प्रसाद पौडेल बाहेक अन्य कसैको उम्मेदवारी नपरेकाले उहाँहरू निर्विरोध निर्वाचित हुनुभएको व्यहोरा सभालाई जानकारी गराउँदै निर्विरोध निर्वाचित श्री पौडेल तथा श्री उपाध्यायलाई बधाई ज्ञापन गर्दै प्रमाणपत्र प्रदान गर्नुभयो । साथै, नवनिर्वाचित सञ्चालकहरूलाई उपाध्यक्ष, सञ्चालकहरू तथा प्रमुख कार्यकारी अधिकृतले बधाई ज्ञापन एवं स्वागत गर्नुभयो ।

(ख) विशेष प्रस्ताव तर्फ :

**१. बैंकको अधिकृत पूँजी वृद्धि गरी रू.१९,००,००,००,०००/- (रू. उन्नाइस अर्ब) पुऱ्याउने**

बैंकको अधिकृत पूँजी वृद्धि गरी रू.१९,००,००,००,०००।- (रू. उन्नाइस अर्ब) पुऱ्याउन अध्यक्षबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सो विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

NABIL BANK Head Office Teendhara, Kathmandu

२. **वि.सं.२०७८ आषाढ मसान्तमा समाप्त आर्थिक वर्षको मुनाफाबाट प्रत्येक १०० शेयर बराबर ३३.६० शेयर वा प्रत्येक शेयरको ३३.६०% को अनुपातमा बोनस शेयर जारी गरी बैंकको जारी तथा चुक्ता पूँजी रू. १८,४९,६१,८६,७४५/- पुऱ्याउने**

वि.सं. २०७८ आषाढ मसान्तमा समाप्त आर्थिक वर्षको मुनाफाबाट प्रत्येक १०० शेयर बराबर ३३.६० शेयर वा प्रत्येक शेयरको ३३.६०% को अनुपातमा रू.४,६५,१७,३५,५८९/- बराबर बोनश शेयर जारी गरी कुल जारी तथा चुक्ता पूँजी रू.१८,४९,६१,८६,७४५/- (अक्षरेपी रूपैयाँ अठार अर्ब उनान्पचास करोड एकसट्ठी लाख छयासी हजार सात सय पैंतालीस मात्र) कायम गर्न अध्यक्षबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सो विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. **बैंकको प्रबन्धपत्रको दफा ५(१), ५(२) र ५(३) को संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने**

बैंकको प्रबन्धपत्रको दफा ५(१), ५(२) र ५(३) मा संशोधन हुन अध्यक्षबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले उल्लिखित सम्पूर्ण विशेष प्रस्तावहरू तपसिल बमोजिम सर्वसम्मतिबाट पारित गऱ्यो:

<u>प्रबन्ध पत्रको संशोधन</u> :

◎ <u>प्रबन्धपत्रको दफा ५ को उपदफा (१) लाई देहाय बमोजिम संशोधन गर्ने :</u>

बैंकको अधिकृत पूँजी रू.१९,००,००,००,०००/- (अक्षरेपी रू.उन्नाईस अर्ब मात्र) हुनेछ । सो पूँजीलाई रू.१००/- दरका

१९,००,००,००० (उन्नाईस करोड) थान साधारण शेयरमा विभाजित गरिएको छ ।

◎ <u>प्रबन्धपत्रको दफा ५ को उपदफा (२) लाई देहाय बमोजिम संशोधन गर्ने :</u>

बैंकको जारी पूंजी रू.१८,४९,६१,८६,७४५/- (अक्षरेपी रू.अठार अर्ब उनन्पचास करोड एकसट्ठी लाख छयासी हजार सात सय पैंतालीस मात्र) हुनेछ, सो पूंजीलाई प्रति शेयर रू.१००/- का दरको १८,४९,६१,८६७.४५ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

◎ <u>प्रबन्धपत्रको दफा ५ को उपदफा (३) लाई देहाय बमोजिम संशोधन गर्ने:</u>

बैंकको चुक्ता पूंजी रू.१८,४९,६१,८६,७४५/- (अक्षरेपी रू.अठार अर्ब उनन्पचास करोड एकसट्ठी लाख छयासी हजार सात सय पैंतालीस मात्र) हुनेछ, सो पूंजीलाई प्रति शेयर रू.१००/- का दरको १८,४९,६१,८६७.४५ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

साथै उपर्युक्त बमोजिमको प्रवन्धपत्र तथा नियमावलीको संशोधनमा नियमनकारी निकाय(हरू) बाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक समायोजन गर्न सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार दिने समेत सभाले सर्वसम्मत निर्णय गर्‍यो ।

NABIL BANK Head Office Teendhara, Kathmandu

४. **आ.व. २०७७/७८ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३७ मा उल्लिखित खर्च रू.३,४४,२०,५७७/- कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने :**

आ.व. २०७७/७८ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३७ मा उल्लिखित खर्च रू. रू.३,४४,२०,५७७/- कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने अध्यक्षले सभा समक्ष विशेष प्रस्ताव पेश गर्नुभएकोमा सभाले सर्वसम्मतिबाट सो को स्वीकृति प्रदान गऱ्यो ।

५. **नबिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरू) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गर्न, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने :**

यस बैंक र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरू) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गर्न, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई

NABIL BANK Head Office Teendhara, Kathmandu

अख्तियारी प्रदान गर्न अध्यक्षबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सो विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्‍यो ।

(ग) **विविध :**

यस अन्तर्गत छलफलको कुनै विषय नभएको ।

१४. **धन्यवाद ज्ञापन :**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षले शेयरधनी महानुभावहरू सकारात्मक तथा सक्रिय रूपले सहभागी हुनु भई बैंकको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरीदिनु भएकोमा तथा ३७औं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई भौतिक रूपमा तथा अनलाईन/विद्युतीय माध्यम जुम (ZOOM) बाट समेत उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरू, लेखा परीक्षक, निर्वाचन अधिकृत, पर्यवेक्षक, आमन्त्रित व्यक्तित्वहरू, नियमन निकायहरू लगायत यस सभाको सफलतापूर्वक सञ्चालनका लागि योगदान गर्नु हुने सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

१५. **सभा विसर्जन**

तत्पश्चात् अध्यक्षले सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै अपरान्ह १२:३० बजे सभा विसर्जन गर्नुभयो ।

विनय कुमार रेग्मी
(कम्पनी सचिव)

NABIL BANK Head Office Teendhara, Kathmandu

उपेन्द्र प्रसाद पौडेल
(अध्यक्ष)